# राष्ट्रिय आयोजना बैङ्क सम्बन्धी कार्यशाला गोष्ठीको प्रतिवेदन

**सार्वजनिक नीजि साझेदारी शाखा**

**राष्ट्रिय योजना आयोग**

**बैशाख, २०७६**

## १) <u>कार्यक्रमको पृष्ठभूमि</u>

राष्ट्रिय योजना आयोगको सार्वजनिक निजी साझेदारी शाखाले २०७५ वैशाख ३० गते ललितपुर जिल्लाको सानेपा स्थित होटल भिभान्तमा राष्ट्रिय आयोजना बैङ्क सम्बन्धी कार्यशाला गोष्ठी सम्पन्न गरेको छ। सो गोष्ठी राष्ट्रिय योजना आयोगका माननीय सदस्य ई.सुशील भट्टज्यूको संयोजकत्वमा सञ्चालन गरिएको थियो। सो कार्यक्रममा राष्ट्रिय योजना आयोगका सहसचिव बिजुकुमार श्रेष्ठले उक्त कार्यक्रमको उद्धेश्यमाथि प्रकाश पार्दै कार्यक्रममा स्वागत मन्तव्य दिनुभयो। कार्यक्रममा राष्ट्रिय योजना आयोगका मा.उपाध्यक्ष ज्यू, सदस्यज्यूहरु, सचिव ज्यू, सहसचिवज्यूहरु, कार्यक्रम निर्देशक ज्यूहरु, योजना अधिकृत ज्यूहरु, अन्य कर्मचारीहरु र मन्त्रालय/निकाय का योजना महाशाखा प्रमुख ज्यूहरु, उपसचिवज्यूहरु र शाखा अधिकृत ज्यूहरु सहितको उल्लेख्य उपस्थिति रहेको थियो।

विकासका तोकिएका लक्ष्यहरु गुणस्तरयूक्त तथा निर्दिष्ट समय भित्र हासिल गर्न आयोजनाहरुको सही पहिचान र छनौट गर्ने प्रणालीको विकास गरी प्रथामिकताका आधारमा आयोजना कार्यान्वियन गर्नु, गराउनुपर्ने आजको आवश्यकता हो। कुनै निश्चित मापदण्ड बिना आयोजनाको पहिचान तथा छनौट गर्नेर आवश्यक पूर्व तयारी विना कार्यान्वयनमा लैजाने वर्तमान परिपाटीले अधिकांश आयोजनाहरु समस्याग्रस्त छन्। यसबाट आयोजनाहरु तोकिएको समय र निर्धारियत लागतमा सम्पन्न हुन सकिरहेका छैनन्। परिणाम स्वरुप हालका बर्षहरुमा सार्वजनिक वित्त व्यवस्थापनमा अनावश्यक तथा अत्याधिक चाप पर्न गएको छ। विगतमा अपरिपक्क रुपमा गरिएका आयोजना पहिचान र छनौटले ल्याएको दिर्घकालीन नकारात्मक प्रभावलाई कम गर्दै जानुका साथै आयोजना बैङ्कको सिद्धान्त र मान्यतालाई अनुसरण तथा कार्यान्वयन गर्ने गराउने कार्य चुनौतीपूर्ण रहेको छ।

योजना आयोगमा राष्ट्रिय आयोजना बैंङ्क स्थापना गर्ने र त्यसलाई नेपाल सरकारको प्रणालीमा संस्थागत गर्ने प्रयोजनका लागि राष्ट्रिय योजना आयोगले आयोजनाको पहिचान, मूल्याङ्कन, छनौट र प्रथामिकिकरणको लागि एउटा मार्गदर्शन तपार गरको र सो मार्गदर्शनलाई विकासका सबै क्षेत्रहरु अनुकूल (Development Sector Friendly) बनाउन गरिनुपर्ने परिमार्जनको विषयमा राय सुझाव संकलन गर्ने उद्धेश्यले यो कार्यशाल आयोजना गरिएको हो। यस सन्दर्भमा राष्टिय योजना आयोगले तर्जुमा गरेको मार्गदर्शन र आज प्रस्तुत हुने **National Project Bank Management Information system (NPBMIS)** प्रणालीको खाका र त्यस उपर हुने छलफलले राष्ट्रिय योजना आयोगमा आयोजना बैङ्क लाई संस्थागत गर्ने सवालमा महत्वपूर्ण सुझाव र पृष्ठपोषण प्राप्त हुने अपेक्षा सहित कार्यक्रमको उद्धेश्यनमाथि राष्ट्रिय योजना आयोगका सह-सचिव श्री विजु कुमार श्रेष्ठ ज्यूले प्रकाश पार्दै आफ्नो मन्तव्य व्यक्त गर्नुभयो।

उक्त कार्यक्रमको सञ्चालन कार्यक्रम निर्देशक श्री मोहन अधिकारी ज्यूले गर्नुभएको थियो र सो कार्यक्रममा पेश गरिएको अवधारणा पत्र सम्बन्धि विविध राय, सुझावहरु प्राप्त भयो।

## २) कार्यक्रम स्थान, मिति, समय

कार्यक्रम स्थान;- होटल भिभान्त, सानेपा ललितपुर, ।

मितिः- २०७६/०१/३० गते सोमवार

समयः-दिउँसो ३:३० देखि ८:३० सम्म

## ३) कार्यक्रमको रुपरेखा

| मिति/समय | विषय | |
|---|---|---|
| मितिः-२०७६/०१/३० गते<br>दिउसो ३:३०-८:३० बजे सम्म | | |
| ३:३०-४:०० सम्म | चिया खाजा | |
| ४:००-४:१० सम्म | कार्यक्रम शुभारम्भ | |
| | अतिथि आसन ग्रहण | |
| | स्वागत मन्तव्य र कार्यक्रमको उद्धेश्य माथि प्रकाश | श्री सहसचिव बिजु कुमार श्रेष्ठ रा.यो.आ |
| ४:१०-४:५० सम्म | राष्ट्रिय आयोजना बैकका बिज्ञ श्री जयन्द्र श्रेष्ठज्यू र दिलिप भट्ट ज्यू बाट प्रस्तुतिकरण गर्ने (राष्ट्रिय आयोजना बैंक स्थापनाका लागि आयोजनाको पहिचान, मूल्यांङ्कन, छनौट र प्राथमिकरणको मार्गदर्शन) | |
| ४:५०-५:१० सम्म | परामर्शदाता श्री बिभूषण बिष्ट बाट प्रस्तुतिकरण (National Project Bank Information Management System ) | |
| ५:१०-६:४५सम्म | छलफल/अन्तरक्रिया | |
| ६:४५-७:०० | कार्यक्रमको समापन मा.सदस्य.ई.सुशील भट्टज्यू बाट | |
| ७:००-८:३० | रात्री भोज | |

## ४) राष्ट्रिय आयोजना बैङ्क सम्बन्धी कार्यशाला गोष्ठी बाट प्राप्त सुझावहरुः-

१) सालवसाली योजना विस्तार गर्दै जाने प्रवृत्ति छ यसलाई कसरी System मा entry गर्ने ?

२) Social benefits लाई कसरी normalized गर्ने,

३) Social benefit दिने Economic benefit दिने आयोजनाको Compulsion कसरी र के standard प्रयोग गर्ने,

४) How to address third – tires priority project?

५) What will happen if budget don't tie up with project?

६) How resources will be assured a bilateral agreement project?

७) It will be better if the NPB name changed on Federal Project Bank(FPB)

८) Benefit सबै रुपैयामा हुदैन/कति नाप्न नमिल्ने गरी हुन्छ त्यस्तो आयोजनाहरुलाई के गर्ने,

९) Project Bank मा नभएकोलाई बजेट दिईनेछैन भनिएको छ तर वजेट विनियोजनलाई दुई भागमा बाड्नुपर्छ ।

- project wise plan गर्न नमिल्ने सालवसाली र कतिपय अनिवार्य आवश्यकताका विषयमा Project Bank नचाहिने,
- खास result दिने र निश्चित अवधि सम्म संचालन हुने विषय Project Bank बनाएर मात्र बजेट विनियोजन गर्ने,

१०) कृर्षि तथा पशुपन्छी क्षेत्रका संघीय कार्यसूची हेर्ने हो भने ऐन, मापदण्ड तयार गर्न लगायतका क्षेत्रलाई सहजिकरण गर्न मात्र भएकोले संघीय कृर्षि मन्त्रालयको आफ्नै Development Project हुनुको औचित्य छैन् ।

११) कृर्षि क्षेत्रको राष्ट्रिय लक्ष्य १५औ योजना, SDG document का लक्ष्य हासिल गर्न एउटा Project (उदाहरणका लागि मासुमा देश आत्म निर्भर बनाउने) को result प्राप्त गर्न संघ, प्रदेश र स्थानीय तिनै तहले त्यही एक project मा विभिन्न वाडफाड भएको कार्यसूची अनुसार काम गर्नुपर्ने हुन्छ। यसरी कृर्षि तथा पशुपन्छी क्षेत्रमा संघको मात्र development result आउने गरी Project बनाउनु सान्दर्भिक छैन्।

१२) Resource assure NPC मा हुने वा MOF मा हुने कहाँ ?

१३) Province and Local Priority Project विचमा coordination गर्नुपर्ने,

१४) Net System/online system भरपर्दो हुनुपर्ने,

१५) Format लाई सरलीकरण गर्नुपर्ने,

१६) नीति कार्यक्रम र LMBIS मा प्रविष्ट कार्यक्रम विच तालमेल कसरी मिलाउने?

१७) Agency लाई project मानेर Budget head दिईएको छ —यस्तो अवस्थामा कसरी Entry गर्ने,

१८) प्रकृया लामो भएको,

१९) सबै निकायहरुलाई एउटै format लागू गर्न खोज्दा कार्यान्वयन गर्न गार्हो हुने,

२०) विभिन्न तहबाट कार्यान्वयन हुने योजनाहरुमा दोहोरोपना आउन सक्ने कुरालाई कसरी सम्बोधन गर्ने,

२१) Document लाई नेपालीमा बनाउदा अझ राम्रो हुनु ,

२२) धेरै theoretical /conceptual भयो सरल बनाउनुपर्ने,

२३) शुरुमा Project के हो clear हुनुपर्ने, सालवसाली कार्यक्रमहरु कसरी सम्वोधन गर्ने,

२४) हामीले welfare state को अवधारणा अनुरुप पनि Project छनौट गर्नुपर्छ, त्यसलाई कसरी Manage गर्ने,

२५) Project Bank मा समावेश भएका Project हरु Bank को Saving मा राखेको जस्तो नहोस्।

२६) तहगत सरकारको सयूक्त सञ्चालनमा Project Running हुन्छ त्यो समस्या कसरी समाधान गर्ने,

२७) हरेक आयोजनाहरुमा जनशक्तिको अभाव रहेको छ,

२८) Project selection र Sc earning को level मा Duplication को पाटो कसरी control गर्ने,

२९) Project Cycle Management र Project lifecycle Management फरक विषय हुन जुन स्पष्ट उल्लेख गर्नुपर्यो,

३०) Plan, Policy र Budget लाई tie up गर्न सकिएन,

३१) Software system बनाउनुसंगै update गराउदै लानुपर्यो,

३२) Planning Forward Looking हुने र कार्यान्वयन गर्ने निकाय resource जुटाउनमै तल्लिन हुने,

३३) Ongoing Project वा Government office कै नामका कार्यक्रम/आयोजनाहरु हुन होईनन् छुट्टाउनुपर्ने,

३४) Institutionalization लाई Functionalization गर्नुपर्ने हुन्छ,

३५) Sector specific guideline आवश्यक पर्ने हुन्छ,

३६) To help the establishment of overall balance development and good governance.

३७) Budget बाडफाडको लागि Delegated team हुनुपर्ने,

३८) Ongoing project को हकमा Readiness भएको Contract मा गएको र Project Implementation गर्न गार्हो भएको अवस्था छ,

राष्ट्रिय आयोजना बैङ्क सम्बन्धी छलफल र अन्तरक्रिया कार्यक्रम पश्चान्त आयोजनाहरुको बहुवर्षिय ठेख्का बन्दोबस्ती सम्वन्धि मापदण्डको मस्यौदा २०७६ उपर राष्ट्रिय योजना आयोगका सह-सचिव श्री विजुकुकार श्रेष्ठ ज्यू बाट प्रस्तुतिकरण गरी सो सम्बन्धि छलफल गरी महत्वपूर्ण सुझावहरु संकलन गरिएको थियो।

## ५) बहुबर्षिय ठेक्का बन्दोबस्ती सम्बन्धी मापदण्ड २०७६ को मस्यौदा उपर प्राप्त सुझावहरु

- महिला बालबालिका सम्बन्धी क्षेत्रलाई पनि समावेश गरिनुपर्ने,
- छनौटका आधार भू-उपयोग योजना र नीति सँग Align भए नभएको हेर्नुपर्ने,
- बुदाँ नं. ३ लाई ४ बनाउने र ६ लाई १ बनाउने की?
- बुदां ५ र ७ लाई मर्ज गर्ने कि?
- Criteria धेरै भएको,
- गठन आदेशको आधारमा मापदण्ड बनाउनुपर्ने,
- आवश्यकता अनुसार परिमार्जन गर्नुपर्ने व्यवस्था राख्ने,
- सूचना सञ्चारलाई सूचना प्रविधि र सञ्चार बनाउनुपर्ने,
- सामाजिक् सुरक्षाको र सीमानाको विषय थप्नु पर्ने हो कि?
- राष्ट्रिय गौरवका आयोजनालाई परिभाषित गर्नुपर्ने,
- बन्दोवस्ती शव्द हटाई उपयुक्त शव्दको छनौट गर्दा अझ राम्रो हुने,

सो सुझावहरुको सम्बोधन गर्दै राष्ट्रिय आयोजना बैङ्कका विज्ञ श्री जयन्द्र श्रेष्ठज्यू, श्रीमान् सचिव लक्ष्मण अर्यालज्यू ,मा.सदस्यई.सुशील भट्ट ज्यू बाट निम्नानुसारको अभिव्यक्ति दिईएको थियो। अन्तमा माननीय उपाध्यक्ष प्रा.डा.पुष्पराज कंडेलज्यू बाट कार्यक्रम समापन गरियो।

**<u>विज्ञ श्री जयन्द्र श्रेष्ठ</u>**

- Concept मा नै राष्ट्रिय आयोजना बैङ्कमा संघ बाट मात्र सञ्चालन हुने आयोजनाहरु समाबेश गर्ने भनि स्पष्ट उल्लेख गरिएको छ,
- Project हरुलाई मात्र समावेश गर्ने,
- शुरुकै अवस्थामा भएको हुनाले guideline लाई नेपालीकरण पनि गरिने छ,
- सहभागिहरु सबै बाट प्राप्त सुझावहरु सहित समावेश गरी Document पुन परिमार्जन गरिने छ,
- Proposed Format Project Information for Project Inventory and Establishment of National Project Bank मा सबै मन्त्रालय निकाय हरुबाट सम्पूर्ण विवरण भरेर अहिले सम्म पनि प्राप्त हुन नसकेको र उपलव्ध गराईएका आयोजनाहरुको विवरण पनि पूरा नआएको हुनाले यसका सबै मन्त्रालय निकायहरुको निरन्तर साथ र सहयोगको आवश्यकता पर्ने जानकारी गराउनु भयो।

**श्रीमान् सचिव लक्ष्मण अर्यालज्यू ,राष्ट्रिय योजना आयोग**

- System बनाउन सुरू गर्ने त्यसको Sustainability हुनुपर्ने तर्फ विशेष जोड दिइएको,
- राष्ट्रिय आयोजना वैङ्क वि.स २०७९ मा fully function हुने,
- Sector wise मापदण्डको manual बनाई प्रदेश र स्थानीयमा दिने कार्य,
- आयोजना र कार्यक्रममा फरक भएको जानकारी गराईयो,
- वित्तिय अनुशासन ल्याउन सहयोग गर्ने,
- Program लाई कसरी appraisal गर्ने त्यो पनि हेरिन्छ तर यसको उध्देश्य Program राख्ने होईन Project राख्नेनै हो,
- राष्ट्रिय योजना आयोगमा आयोजना बैङ्क हुने यसको Drawing, design र Appraisal गर्ने कार्य राष्ट्रिय योजना आयोगले गर्ने,
- १८३४ रुग्ण आयोजनाहरु जस्तो व्यतिथि रोक्नका लागि यसको आवश्यकता भएको र आयोजनाहरुको पुन प्राथमिकिकरण हुने,
- **Project Selection Human resource** हेरेर होईन **need base** मा गर्ने,
- चालू आर्थिक बर्षमा नयाँ आयोजनाहरुको पुन प्राथमिकिकरण गरिने कार्य गरिन्छ ,
- आयोजनाहरुलाई **Outsourcing** गरी **Project Bank** मा **Filter** गरी **Readiness filter** गर्ने कार्य गरिन्छ ,
- आयोजनाको अवस्था Master Procurement Plan हेरी गरिन्छ,
- Program को Appraisal गरिदैन् तर Project को Appraisal गरिन्छ,

**मा.सदस्य ई.सुशील भट्ट ज्यू, राष्ट्रिय योजना आयोग**

- राष्ट्रिय आयोजना बैङ्कले Development ecosystem कायम गर्ने,
- यो विना विकासमा सुन्दरता नआउने,
- आयोजनामा देखिएका विविध समस्याहरुको समाधान गर्ने र आयोजनाहरुको दिगो व्यवस्थापनका लागि राष्टिय आयोजना बैङ्कको आवश्यकता भएको हो,
- जसको लागि Pre-Schedule बनाई कार्य गर्नुपर्ने हुन्छ,
- आयोजनाहरुले DPR, Pre-feasibility study गर्नुपर्ने हुन्छ,
- निर्धारित समय,लागत र गुणस्तरियता कायम गर्नुपर्ने आयोजनाहरुमा एउटा छुटै Delegated Unit वा team नै चाहिने हुन्छ,
- आयोजनाहरुको लक्ष्य र उध्देश्यहरुलाई खण्डिकरण गर्नुनै पर्नेछ तर त्यसमा सम्बन्धीत मन्त्रालयहरु पनि स्वंयम उत्तरदायि हुनुपर्ने देखिन्छ,
- राष्ट्रिय आयोजना बैङ्कले योजना आयोगलाई पनि उत्तरदायि बनाउने कार्य गर्दछ,

- Workshop र capacity development को कार्य पनि आगामि दिनमा गरिने छ,
- Full functional National Project Bank बनाइने ।

**समापन माननीय उपाध्यक्ष प्रा.डा.पुष्पराज कंडेलज्यू**

छोटो समयमानै आयोजना बैङ्क सम्बन्धी धेरै कार्यहरु गर्नुपर्ने चुनैतित हामिलाई छदैछ त्यसका बाजुत पनि हामीले सुखी नेपाली र समृद्ध नेपालीको अपेक्षालाई पुरा गर्न आयोजनाका विविध चक्रहरुलाई अझ बढी प्रभावकारी,व्यवस्थित, मितव्ययिताका साथ सम्पन् गर्नुपर्ने हुन्छ। साथै आयोजनाको पहिचान देखि छनौट प्रकृया सम्ममा वित्तिय अनुशासन सहितको पारदर्शिता सहभागितामूलक रुपमा जनताको माग र आवश्यकतालाई सम्बोधन गर्ने । लाभ लागत विश्लेषण सहितको, समय,जनघनत्व र क्षेत्रफललाई विशेष ध्यान दिई समानुपातीक र सामाजिक न्याय स्थापना गर्ने गरि दीगो विकासको लक्ष्यलाई आत्मसाथ गर्दै, आयोजनाहरुको बैज्ञानीक, वस्तुनिष्ठ, उपलव्धीपरक र व्यवस्थित तवरले छनौट गर्नु नै आयोजना बैङ्कको मूल धेय रहेको छ। यसमा राष्ट्रिय योजना आयोग एक्लैले मात्र गर्न खोजेर सम्भव नहुने र यो विशेष गरी कार्यान्वयन गर्ने मन्त्रालय र निकाय निरन्तर साथ र सहयोग गर्नुपर्ने हुन्छ तव मात्र आयोजना बैङ्क सफल हुन्छ भने हामीले प्रदेश र स्थानीय सरकारलाई पनि राष्ट्रिय आयोजना बैङ्क सम्बन्धि आवश्यकता बमोजिमको समन्वय र सहकार्य गर्न तत्पर रहेको बताउनु भयो। यसै सन्दर्भमा राष्ट्रिय योजना आयोगले १५औ योजना अवधिमा तथ्यपरक मापदण्डमा आधारित आयोजना पहिचान, छनौट र मूल्याङ्कन प्रकृया तथा प्राथमिकिकरण गर्ने प्रणाली को विकास र अभ्यास गर्ने गराउने र आयोजना बैङ्कका सिद्धान्त र मान्यता अनुरुप प्रादेशिक सरकार र स्थानीय तहहरुमा समेत त्यस्तो प्रणालीको स्थापना गर्न आवश्यक सहजिकरण गर्ने उद्धेश्यले राष्ट्रिय आयोजना बैंकको अवधारणा लाई संस्थागत गर्ने सोच बनाएको छ। सन्तुलित आर्थिक तथा सामाजिक विकासका लागि आवश्यक लगानीका अवसर पहिचान गर्नु र परिपक्क रुपमा आयोजना पहिचान तथा छनौट कार्य गर्न गराउनु राष्ट्रिय आयोजना बैङ्कको उद्देश्य हो। विकास आयोजना चक्रको समुचित व्यवस्थापन, अन्तरिक र बाह्य स्रोत साधनको परिचालन , न्यायोचित वितरणको साथै सम्बन्धित सबै पक्षको सहयोग, समन्वय र प्रतिबद्धता हासिल गर्ने कार्य चुनौतीपूर्ण रहेको छ। राष्ट्रिय आयोजना बैङ्कले तीनै तहको सरकारको योजना तर्जुमा तह सम्म आर्थिक अनुशासन कायम गर्न र लगानीको थप अवसरहरु जुटाउन एवम् आयोजनाको कार्यान्वयनमा कूशलला हाशिल गर्न महत्वपूर्ण योगदान गर्नेछ। अन्यमा आजको यस कार्यशाला गोष्ठीमा आफ्नो महत्वपूर्ण समय र राय,सुभावहरु सहित सहभागिहुनु भएकोमा सम्पूर्ण महानुभावहरुलाई पुन धन्यवाद दिदै रात्री भोज लिन आग्रह गर्नुभयो।

## ६) कार्यक्रमका केही तस्वीरहरु












राष्ट्रिय आयोजना बैङ्क
कार्याशाला गोष्ठी
नेपाल सरकार
राष्ट्रिय योजना आयोग
सिंहदरबार, काठमाण्डौं
२०७६ बैशाख ३० गते